# मिति २०८२/०८/२४ गते सर्वोच्च अदालतमा पुनरावलोकन निवेदन दर्ता गरिएको मुद्दाको विवरण।

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी र बिशेष अदालतको फैसला | सर्वोच्च अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १ | अर्जुन कुमार कटुवाल समेत ५ जना (सर्वोच्च अदालतको मुद्दा नं.०७३-CR-१११७,०७३-CR-१३१६,०७४-CR-०७६० र फैसला मिति २०८२।०२।१९) | जिन्सी सामान हिनामिना गरी भ्रष्टाचार गरेको। | अर्जुन कुमार कटुवालको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको पुष्टी हुँदा निज अर्जुन कुमार कटुवाललाई ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) मा व्यवस्थित सजाय हुनको साथै दफा ३(१) वमोजिम विगो वमोजिम जरिवाना हुन तथा दफा १७ वमोजिम हिनामिना एवं हानी नोक्सानी पुर्याएको विगो रु. ६०,८८,३८४।२७ (अक्षेरपी रुपैया साठी लाख अठासी हजार तीन सय चौरासी र पैसा सत्ताइस मात्र) वरावरको सम्पत्ति निज अर्जुन कुमार कटुवालबाट असुल उपर गरी नेपाल विद्युत प्राधिकरणलाई दिलाई भराई पाउन बेहोराको आरोप मागदावी रहेको छ।<br>अन्य प्रतिवादीहरु मनोज ठाकुर, इम्तियाज आलम, हेमराज इटनी, भेषराज घिमिरे र अर्जुन कुमार कटुवालको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसुरमा सोही ऐनको | **फैसलाः**<br>प्रतिवादीहरु उपर कानून बमोजिम विभागीय कारवाही सम्म हुने ठहर गरि आरोप दावीवाट सफाई पाउने भनी मिति २०८२।०२।१९ मा सम्मानित सर्वोच्च अदालतबाट फैसला भएको।<br>**सर्वोच्च अदालतले फैसला गर्दा लिएका आधारः**<br>क)प्रतिवादीहरु बदनियत पुष्टि हुन सक्ने प्रमाण वादीले पेस गर्न सकेको नदेखिएको।<br>ख)स्टोरकिपर प्रतिवादी अर्जुन कुमार कटुवालले सामानको सुरक्षा गरिपाउँ भनी कार्यालयमा निवेदन पेश गरेको देखिदा निजले हानी नोक्सानी गर्न लापरवाही वा | **उल्लेखित आधारहरु लिई गरेको उक्त फैसला न्याय प्रशासन ऐन,२०७३ को दफा ११(२)(ख)को अवस्था विद्यमान भई निम्न लिखित आधार कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावलोकनको रोहबाट बदरभागी छ ।**<br>१. प्रस्तुत मुद्दामा प्रतिवादी मध्ये अर्जुन कुमार कटुवाल तत्काल नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा इटहरी वितरण केन्द्रका वरिष्ठ सहायक (स्टोर किपर) रहेको, निजले २०६५।१२।९ मा पशुपति शर्माबाट स्टोर सामान बर बुझारथ गरी लिएको देखिएको, उक्त वितरण केन्द्रका आ.व. ०६७।६८ देखि आ.व. ०६९।७० सम्मको भौतिक सामान परिक्षण गरी प्रतिवेदन दिनेमा प्रतिवादी समेत संलग्न रहेको देखिएको, निजले आ.व.०६८।६९ मा समान दुरुस्त रहेको भएको भनि ८ पानाको प्रतिवेदन दिएकोमा समान नपुगेको भन्ने अर्को मेमो संलग्न गरी ६ पानाको प्रतिवेदन दिएको देखिएको, यस विषयमा विद्युत प्राधिकरणको क्षेत्रीय कार्यालय विराटनगरका निर्देशक भरत शम्सेर भट्टराई तथा केन्द्रीय कार्यालयका सहनिर्देशक तुलाराम गिरीको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदनबाट समान हिनामिना भएको भनि प्रतिवेदन दिएको देखिएको, उक्त प्राधिकरणको केन्द्रीय कार्यालयबाट गठित छानविन समितिको प्रतिवेदनमा उल्लेख भए अनुसार खर्च काट्न बाँकी आ.व. ०७०।७१ को २५ थान स्वीकृत भौचरहरुको समेत खर्च काटी समायोजन गरी परल मूल्यका आधारमा ५७,६६,४९९।९२ गरी कुल विगो रु. ६०,८८,३८५।२७ हानी नोक्सानी भएको तथ्य उल्लेख भएको देखिएको, आ.व. ०६७।६८ देखिको भौतिक परीक्षणमा स्वयं प्रतिवादी अर्जुन कटुवाल संलग्न रहेकोले केही भौचरहरुको आंसिक लेखांकन गर्न छुट भएको भन्ने निजको बयान जिकिर विस्वासनीय नदेखिएको, हिनामिना भएका विद्युत पोल समेतलाई नियमित बनाउने कार्यको लागि मुचुल्का तयार गरेको तथ्य कानून सम्मत एवं प्रमाणबाट पुष्टि भएको नदेखिएको, कार्यालय प्रमुखको स्वीकृतिले मात्र जिन्सी भौचर कटाउन पाउने भन्ने नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७० (क) ले प्रष्ट गरेकोमा सोको कार्य गरि हिनामिना गरेको देखिएको, सोही विनियमावलीको विनियम ३६ बमोजिम उक्त केन्द्रको आ.व. ०६८।६९ को जिन्सी समानको भौतिक परिक्षण गर्न प्रतिवादीहरु इ. मनोज ठाकुर, इ. इम्तियाज आलम, लेखा अधिकृत हेमराज इटनी, मिटर रिडर सुपरभाइजर भेषराज घिमिरे र स्टोर किपर अर्जुन कुमार कटुवाल सहित ५ सदस्यीय समिति गठन भएकोमा सो समितिले CAIS स्टक बमोजिम हुबहु समान जिन्सी मौज्दात रहेको भन्ने पाना ८ को प्रतिवेदन पेश गरेकोमा निजहरुले नै अनुसन्धानको क्रममा समान घटि देखिने प्रतिवेदन पेश गरेबाट दुई थरीको भौतिक परीक्षण प्रतिवेदन दिने पदाधिकारीले तयार गरेको कार्य कानून विपरित रहेको देखिएको, निज प्रतिवादीहरुले गलत प्रतिवेदन तयार गरेको तथ्य पुष्टि भएको देखिदा यि प्रतिवादीहरुले बदनियतपुर्ण तरिकाले भ्रष्टाचार जन्य कसूर गरेको तथ्य पुष्टि भएको छ। यी प्रतिवादी उपर दावी लिइएको विगोको सन्दर्भमा हेर्दा नेपाल विद्युत प्राधिकरण इटहरी वितरण केन्द्रको मिति २०७०।१०।२३ को पत्रसाथ प्राप्त मूल्यांकन प्रतिवेदनका आधारमा स्टोर सर्टेज देखिन आएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा १९(२) बमोजिम निज प्रतिवादीहरुलाई सजाय हुन मागदावी रहेको छ।<br>**बिशेष अदालतको फैसलाः**<br>प्रतिवादी अर्जुन कुमार कटुवालले दावी लिएको विगो रु. ६०,८८,३८४।२७ मध्ये ट्रान्सफरमर तथा पोलको दावीको विगो रु.२४,९२,९८२.३०।– मध्ये नेपाल बिद्युत प्राधिकरण इटहरी वितरण केन्द्रबाट प्राप्त पत्रहरुबाट २३,६२,२२१।९९ बराबरको ट्रान्सफरमर तथा पोलहरु फेला परेको देखिन आएको हुनाले विगो रकमबाट सो रकम घटाउँदा हुन आउने रु.३७,२६,१६२।२८ बराबरको जिन्सी सामान बदनियतपूर्वक हिनामिना गरी हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको देखिएकोले निज अर्जुन कुमार कटुवालबाट सोही दफाबमोजिम विगो रु.३७,२६,१६२।२८ भराई निजलाई सोही ऐनको ३ को उपदफा (१) बमोजिम रु.३७,२६,१६२।२८ जरिबाना हुने र सोही ऐनको दफा ३ को उपदफा (१) तथा सोको खण्ड (छ) बमोजिम ४ | बदनियतपुर्ण कार्य गरेको नदेखिएको।<br>ग) नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली,२०६८ को विनियम ३४(१) मा प्राधिकरणको सम्पत्तिको जिम्मा, संरक्षण एवम् सम्भार गर्ने उत्तरदायित्व कार्यालय प्रमुखको समेत हुनमा निजलाइ प्रतिवादी बनाएको नदेखिएको।<br>घ)प्रतिवादीहरुलाई कानूनबमोजिम विभागीय कारवाही सम्म हुन सक्ने देखिएकोले आरोपित कसूरबाट सफाइ पाउने। | तालिका नं. ७, ९ मा उल्लेखित सामानको विगो रु. ५७,६६,४९९।९२ र एक पटक खर्च लेखी सकेको सामानहरु पुनः स्टोर दाखेल हुँदा सुन्य मूल्य राखी दाखेल गरिएका स्टोरमा नदेखिएको सामानहरुको इटहरी वितरण केन्द्रबाट प्राप्त मूल्यांकन प्रतिवेदनका आधारमा तालिका नं. १० मा उल्लेखित सामानहरुको मूल्य रु. ६,४३,७६८।९९ को ५०% ले हुने विगो रु.३,२१,८८४।३५ समेत कुल विगो रु. ६०,८८,३८४।२७ प्रतिवादीले हानी नोक्सानी पुर्‍याएको भन्ने भन्ने दावी रहेकोमा विशेष अदलतबाट फैसला गर्दा प्रतिवादी मध्येका अर्जुन कुमार कटवालले दावी लिएको विगो रु.६०,८८,३८४।२७ मध्ये ट्रान्सफरमर तथा पोलको दावीको विगो रु.२४,९२,९८२।३० मध्ये नेपाल विद्युत प्राधिकरण इटहरी वितरण केन्द्रबाट प्राप्त पत्रहरुबाट रु.२३,६२,२२१।९९ बराबरको ट्रान्सफरमर तथा पोलहरु फेला परेको देखिन आएको हुनाले विगो रकमबाट सो रकम घटाउँदा हुन आउने रु.३७,२६,१६२,।२८ बराबरको जिन्सी सामान बदनियतपूर्वक हिनामिना हानी नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको देखिएकोले निज अर्जुन कुमार कटुवालबाट सोही दफा बमोजिम विगो रु. ३७,२६,१६२।२८ (सैंतीस लाख छब्बीस हजार एकसय बैसाठ्ठी रुपयाँ अठ्ठाइस पैसा) भराई निजलाई सोही ऐनको दफा ३(१) बमोजिम ३७,२६,१६२।२८ (सैंतीस लाख छब्बीस हजार एकसय बैसठ्ठी रुपयाँ अठ्ठाइस पैसा) जरिवाना हुने र सोही ऐनको दफा ३(१)(छ) बमोजिम ४(चार) वर्ष कैद समेत हुने, प्रतिवादी मध्येका मनोज ठाकुर, भेषराज घिमिरे, हेमराज इटनी, इम्तियाज आलम तथा अर्जुन कुमार कटुवालले गलत व्यहोराको प्रतिवेदन पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) को कसूर गरेको देखिन आएकोले निजहरुलाई सोही दफा १९(२) बमोजिम जनही ३(तीन) महिनाका दरले कैद र जनही रु. १०,०००।–(दश हजार)) का दरले जरिवाना समेत हुने गरि फैसला भएको देखिदा प्रस्तुत मुद्दामा प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसूर गरेको तथ्य स्थापित भएको छ।<br>२. विशेष अदालतबाट भएको उक्त फैसला उपर प्रतिवादीहरुको पुनराबेदन परि सम्मानित सर्वोच्च अदालतको डिबिजन बेञ्चबाट प्रतिवादीहरु अर्जुनकुमार कटुवाल, मनोज ठाकुर, इम्तियाज आलम, हेमराज इटनी र भेषराज घिमिरेले आरोपित कसुरबाट सफाई दिने ठहर गरि नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा, इटहरी वितरण केन्द्रमा आ.व. २०६८/०६९ मा जिम्मेवारी सरी वा अन्यत्रबाट प्राप्त भएका, खरिद गरिएका समेत जिन्सी सामानहरु यकिन गरी सोको अद्यावधिक अभिलेख रहे नरहेको, खर्च भई गएका सामानहरु खर्च जनिए नजनिएको, खर्च जनिएका सामानहरु यथासमयमा यथास्थानमा प्रयोग भए नभएको र मौज्दात जिन्सी सामानहरुको अभिलेख एवं भौतिक स्थिति दुरुस्त रहे नरहेको समेत जाँचबुझ, छानबिन जो गर्नुपर्ने गरी जिन्सी सामानहरुको अभिलेख तथा भौतिक अवस्थामा कैफियत वा घटी देखिएमा नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६२ (परिमार्जित/संशोधित २०६८) तथा प्रचलित कानूनबमोजिम असुल उपर गरी दोषी देखिएका कर्मचारीहरु उपर कानून बमोजिम विभागीय कारबाही समेत गर्नु भनी नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयलाई लेखी पठाउने समेत ठहर गरि फैसला भएको देखिन्छ।<br>३. सम्मानित सर्वोच्च अदालतको डिभिजन बेञ्चवाट प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बर्ष कैद हुने ठहर्छ भनी बिशेष अदालतबाट फैसला भएको छ।<br>प्रतिवादीहरु मनोज ठाकुर, इम्तियाज आलम, हेमराज इटनी, भेषराज घिमिरे र अर्जुन कुमार कटुवालले गलत बेहोराको प्रतिवेदन पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूर गरेको देखिन आएकाले निजहरुलाई सोही दफा १९(२) बमोजिम जनही ३ महिनाका दरले कैद र जनही रु.१०,०००।– का दरले जरिबानासमेत हुने समेत ठहर्छ भन्ने समेत बेहोराको मिति २०७३।७।११ को बिशेष अदालत काठमाण्डौंबाट भएको फैसला भएको छ। | | निजहरुलाइ विभागिय कारवाही तर्फ लेखि पठाउने ठहर गरि फैसला गर्दा प्रतिवादीहरुको हानी नोक्सानी गर्ने बदनियत नरहेको तथ्य उल्लेख गरेतापनि नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा, इटहरी वितरण केन्द्रमा आ.व. २०६८/०६९ मा जिम्मेवारी सरी वा अन्यत्रबाट प्राप्त भएका, खरिद गरिएका समेत जिन्सी सामानहरु यकिन गरी सोको अद्यावधिक अभिलेख रहे नरहेको, खर्च भई गएका सामानहरु खर्च जनिए नजनिएको, खर्च जनिएका सामानहरु यथासमयमा यथास्थानमा प्रयोग भए नभएको र मौज्दात जिन्सी सामानहरुको अभिलेख एवं भौतिक स्थिति दुरुस्त रहे नरहेको समेत जाँचबुझ, छानबिन जो गर्नुपर्ने गरी जिन्सी सामानहरुको अभिलेख तथा भौतिक अवस्थामा कैफियत वा घटी देखिए नदेखिएको एकिन गरि घटी देखिएमा नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६२ (परिमार्जित/संशोधित २०६८) तथा प्रचलित कानूनबमोजिम असुल उपर गरी दोषी देखिएका कर्मचारीहरु उपर कानून बमोजिम विभागीय कारबाही समेत गर्नु भनी नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयलाई लेखी पठाउने तथ्य उल्लेख गरेको गरेको देखिन्छ।प्रस्तुत वारदातमा यि प्रतिवादीहरुले बयान गर्दा कसूरमा इन्कार देखिए तापनि निजहरुले स्टोर तथा जिन्सी निरिक्षणको सम्वन्धमा स्टोर तथा जिन्सी सामान ठिक छ भनि गलत प्रतिबेदन दिएको तथ्य नेपाल विद्युत प्राधिकरण इटहरी वितरण केन्द्रको मिति २०७०।१०।२३ को पत्रसाथ प्राप्त मूल्यांकन प्रतिवेदनका आधारमा स्टोर सर्टेज देखिन आएको तालिका नं. ७, ९ मा उल्लेखित सामानको विगो रु. ५७,६६,४९९।९२ र एक पटक खर्च लेखी सकेको सामानहरु पुनः स्टोर दाखेल हुँदा सुन्य मूल्य राखी दाखेल गरिएका स्टोरमा नदेखिएको सामानहरुको इटहरी वितरण केन्द्रबाट प्राप्त मूल्यांकन प्रतिवेदनका आधारमा तालिका नं. १० मा उल्लेखित सामानहरुको मूल्य रु. ६,४३,७६८।९९ को ५०% ले हुने विगो रु. ३,२१,८८४।३५ समेत कुल विगो रु. ६०,८८,३८४।२७ प्रतिवादीले हानी नोक्सानी पुऱ्याएको भन्ने रहेको देखिन्छ ।उक्त विगो रु. ६०,८८,३८४।२७ मा ट्रान्सफरमर तथा पोलको भनि दावीको विगो रु. २४,९२,९८२।३० मध्ये नेपाल विद्युत प्राधिकरण इटहरी वितरण केन्द्रबाट प्राप्त पत्रहरुबाट २३,६२,२२१।९९ बराबरको ट्रान्सफरमर तथा पोलहरु फेला परेको देखिन आएको हुनाले विगो रकमबाट सो रकम घटाउँदा हुन आउने रु. ३७,२६,१६२,।२८ बराबरको जिन्सी सामान बद्नियतपूर्वक हिनामिना हानी नोक्सानी गरेको तथ्य पुष्टी भई रहेको अवस्थामा उक्त तथ्यको विश्लेषण गरि भएको शुरु विशेष अदालतको फैसलालाई अन्यथा गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुदाँ बदरभागी छ।<br>४. भ्रष्टाचारजन्य कसूर गर्ने यि प्रतिवादीहरुलाई प्रस्तुत वारदातमा विभागिय कारवाही मात्र हुने हो वा भ्रष्टाचारको कसूरमा सजाय गर्नु पर्ने हो भन्ने सन्दर्भमा हेर्दा सम्मानित सर्वोच्च अदालतबाट यादवकुमार डाँगी विरुद्ध विपक्षीः कृषि सामग्री संस्थान केन्द्रिय कार्यालय, टेकु कुलेश्वर समेत भएको उत्प्रेषण परमादेश रिट मुद्दा (ने.का.प.२०५९ अङ्क ९/१० निर्णय नं. ७१३६ पूर्ण इजलास) मा भ्रष्टाचार र विभागीय सजायको आधार कारण एवं बिषयवस्तु फरक फरक हुने, भ्रष्टाचार मुद्दा र विभागीय कारवाहीको बिषय अलग अलग भएकोले  बदनियत पुर्बक रकम हिनामिना गरेको कसूरका सम्बन्धमा विभागिय कारवाही मात्र गरि भ्रष्टाचारको कसूरबाट उन्मुक्ति मिल्न नसक्ने भनि प्रतिपादित सिद्धान्त एवं |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | टिम्बर कर्पोरेशन अफ नेपाल शाखा कार्यालय हेटौंडाका शाखा प्रबन्धकका रुपमा कार्यरत रामप्रसाद सिटौला समेत विरुद्ध टिम्बर कर्पोरेशन अफ नेपाल केन्द्रीय कार्यालय, प्रशासन विभाग बबरमहल समेत भएको उत्प्रेषण समेत रिट मुद्दा (ने.का.प. २०६४ अंक २ नि.नं. ७८१६) मा संगठनका कर्मचारीहरुलाई आचरण विपरीत गरेमा गरिने कारवाही भनेको Non Criminal र Disciplinary Action को कारवाही हो र राज्यको फौजदारी कानुन तोडे वापत राज्यको तर्फबाट Public Prosecution भई अदालतबाट कानुनबमोजिम कैद वा जरिबाना दुवै सजाय हुने कारवाही भनेको अदालती फौजदारी कारवाही हो। यी दुई कारवाही भिन्दा भिन्दै कारवाही हुन् भनी नजिर सिद्धान्त प्रतिपादन गरी Criminal Action, Criminal Conduct र Disciplinary Action को demarcation फरक फरक हुने अवस्था देखिदा देखिदै उक्त सिद्धान्त विपरित स्टोरकिपर प्रतिवादी अर्जुन कुमार कटुवाल र अन्य प्रतिवादीहरु समेतलाई नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली २०६२ (परिमार्जित/संशोधीत २०६८) तथा प्रचलित कानून वमोजिम असुल उपर गरी दोषी देखिएका कर्मचारीहरु उपर कानून वमोजिम विभागिय कारवाही समेत गर्नु भनि नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयलाई लेखी पठाउने ठहर्छ भनी शर्त सहितको विभागिय कारवाहीको विषय उल्लेख गरि प्रतिवादीहरुलाई आरोपित भ्रष्टाचारको कसुरबाट सफाई दिई सर्वोच्च अदालतबाट भएको उक्त फैसला उल्लेखित तथ्य प्रमाण कानून एवं स्थापित नजीर सिद्धान्त विपरीत भइ त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>अतः प्रतिवादीहरु अर्जुनकुमार कटुवाल, मनोज ठाकुर, इम्तियाज आलम, हेमराज इटनी र भेषराज घिमिरेलाई आरोपित कसुरबाट सफाई दिने र नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा, इटहरी वितरण केन्द्रमा आ.व. २०६८/०६९ मा जिम्मेवारी सरी वा अन्यत्रबाट प्राप्त भएका, खरिद गरिएका समेत जिन्सी सामानहरु यकिन गरी सोको अद्यावधिक अभिलेख रहे नरहेको, खर्च भई गएका सामानहरु खर्च जनिए नजनिएको, खर्च जनिएका सामानहरु यथासमयमा यथास्थानमा प्रयोग भए नभएको र मौज्दात जिन्सी सामानहरुको अभिलेख एवं भौतिक स्थिति दुरुस्त रहे नरहेको समेत जाँचबुझ, छानबिन जो गर्नुपर्ने गरी जिन्सी सामानहरुको अभिलेख तथा भौतिक अवस्थामा कैफियत वा घटी देखिएमा नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६२ (परिमार्जित/संशोधित २०६८) तथा प्रचलित कानूनबमोजिम असुल उपर गरी दोषी देखिएका कर्मचारीहरु उपर कानून बमोजिम विभागीय कारबाही समेत गर्नु भनी नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयलाई लेखी पठाउने समेत ठहर गरि भएको फैसला बदर गरि निज प्रतिवादीहरु अर्जुन कुमार कटुवाल मनोज ठाकुर, इम्तियाज आलम, हेमराज इटनी र भेषराज घिमिरे विभागिय कारवाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) को देहाय (छ) बमोजिम ४ बर्ष कैद र विगो अनुरुप रु.३७,२६,१२२।२८(सैत्तीस लाख छब्बीस हजार एक सय बाइस रुपैया अट्ठाइस पैसा) रुपैयाँ जरिबाना हुने र मनोज ठाकुर, इम्तियाज आलम, हेमराज इटनी, भेषराज घिमिरे र अर्जुन कुमार कटुवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिम ३ महिना कैद र जनही रु.१००००/- (दश हजार) रुपैयाँ दरले जरिबाना हुने ठहर गरी विशेष अदालत, काठमाण्डौंको मिति २०७३।७।११ को फैसला सदर गरि पाउन सादर अनुरोध गरिन्छ। |